# पञ्चकन्या गाउँपालिकाको

## आर्थिक ऐन,२०७९

गाउँसभाबाट स्वीकृत मिति : २०७९/०३/१०

पञ्चकन्या गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
लाकुरीभञ्ज्याङ,नुवाकोट
२०७९

# पञ्चकन्या गाउँपालिकाको
# आर्थिक ऐन, २०७९

**प्रस्तावना :** पञ्चकन्या गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानिय कर तथा शूल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उप-धारा (२) र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (१०२) बमोजिम पञ्चकन्या गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " **पञ्चकन्या गाउँपालिकाको आर्थिक ऐन, २०७९** " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

पञ्चकन्या गाउँपालिका, लाकुरीभञ्ज्याङ्ग, नुवाकोटको साविकमा निर्धारण भई रहेको कर, दस्तुर, शुल्क, महशुल आदीको आ.व.२०७९।०८० को २०७९ श्रावण १ गते देखि लागु हुने गरी साविकको कर, दस्तुर, शुल्क, महशुल आदीको राजस्व परामर्श समितिको राय परामर्श समेतको आधारमा निम्न अनुसार संशोधन सहित पारीत गर्ने निर्णय गरीयो ।

गाउँपालिका **कर, दस्तूर, महशूल, शूल्क आदिको दर**

**(आ.व.२०७९।०८० को २०७९ श्रावण १ गते देखि लागु हुने)**

**यस** गाउँपालिका**ले कर, दस्तूर, महशूल आदि निम्न अनूसार लगाईने ५ ।**

१. **घर वहाल कर :** आफ्नो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको १० प्रतिशत घर वहालकर लिने ।

२. **मनोरञ्जन कर:** मनोरञ्जनको कार्यक्रम संचालन गर्ने संचालक संग गाउँपालिका र संचालक बीच आपसी समझदारीमा मनोरन्जन कर शुल्क लिने ।

३. **सम्पति मूल्यांकन दस्तूर:** सम्पति मूल्यांकन सिफारिस दस्तूर निम्नानुसार कायम गरिएको छ ।

क. २० लाख सम्म सम्पति मुल्याङ्कित भएमा ०.०५ प्रतिशत,

ख. २० लाख देखी ५० लाख सम्म सम्पति मुल्याङ्कित भएमा ०.०७५ प्रतिशत,

ग. ५० लाख भन्दा माथि जतिसुकै सम्पति मुल्याङ्कित भएमा ०.१ प्रतिशत,

माथि उल्लेखित सम्पतिको अंग्रेजिमा सिफारिस गर्दा क, ख, ग वर्गको दरको दोब्बर दस्तुर लिईनेछ ।

४. **घर निर्माण नक्सापास दस्तूर :** घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।

क) निवेदन फाराम रु.१००।०० लिने

ख) ढलान गरी निर्माण गरिने घरलाई घर निर्माण सम्पन्न प्रमाण पत्र लिने घर प्रतिवर्गफिट रु. २।५० र अभिलेखीकरण कार्यका लागि घर प्रतिवर्गफिट रु.३।०० दस्तुर लिने, ढलान नगरी निर्माण गरिने घरलाई प्रति वर्गफिट रु.१।०० र माटोको जडान घर निर्माण गर्नेलाई प्रति वर्गफिट रु.।५० नक्सापास दस्तुर लिने ।

ग) नक्सा नामसारी तथा नविकरण वापत प्रत्येक पटकको लागि रु.५००।०० दस्तुर लिने ।

घ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रु. १००।०० दस्तूर लिने ।

ङ) नक्सापास सम्बन्धी नक्सापास प्रमाणपत्रको रु. २००।०० र पास भएको नक्साको रु.३००।०० दस्तूर लिई प्रतिलिपी दिने ।

च) नक्सा पास दरखास्त फाराम र नक्सा पास अभिलेखिकरण पुस्तिकाको प्रति पुस्तिका रु.१०००। शुल्क लिइने छ ।

५. **चारकिल्ला प्रमाणित दस्तूर :** चारकिल्ला प्रमाणित सिफारिस दिंदा निम्न वमोजिम क्षेत्रफल भएको जग्गाहरुमा निम्न वमोजिम सेवा शूल्क लिने ।

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| १ | ५ रोपनि सम्मको जग्गाको | २५०।०० |
| २ | ५ रोपनि भन्दा बढी १० रोपनि सम्मका | ३५०।०० |
| ५ | १० रोपनि भन्दा बढी जतिसुकै भएपनि | ५००।०० |

६. **निवेदन दस्तूर :** कुनै पनि निवेदनहरुमा निवेदन दस्तुर बापत रु १० को टिकट टास गरेको हुनुपर्नेछ ।

७. यस गाउँपालिकामा कर, दस्तुर, महशुल आदी वुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा रु.१००।०० लिई अर्को प्रतिलिपी प्रमाणपत्र दिईनेछ ।

८. **सिफारिस दस्तुर:** गाउँपालिकावाट उपलव्ध गराउने सिफारिसहरुको निम्न वमोजिम निवेदन फाराम दस्तुर र सिफारिस दस्तुर लिने ।

| सि.नं. | विवरण | सिफारिस दस्तुर रु. |
|---|---|---|
| १ | नाता प्रमाणित/सुचुल्का प्रमाणित | २००।०० |
| २ | धारा / विजुली | २००।०० |
| ३ | नाम, थर आदि सच्याउने | २००।०० |
| ४ | जग्गा / जग्गा दर्ता / गुठी / रैकर आदि | १०००।०० |
| ५ | दैवि प्रकोप असाहय, अशक्त र जेष्ठ नागरिक भत्ताको मन्जुरनामा सिफारिस वाहेकका अन्य सिफारिसहरु | २००।०० |

| | | |
|---|---|---|
| ६ | जग्गा खरिद विक्रीमा घर, वाटो प्रमाणित | ५००।०० |
| ७ | कालोपत्रे मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | ५००।०० |
| ८ | अन्य मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | २००।०० |
| ९ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुन आउने रकमको ०.१ प्रतिशतका दरले |
| १० | व्यापारिक प्रयोजनका लागि रुख काट्नको लागि सिफारिस दिंदा प्रति रुख रु. | १००।०० |
| ११ | नागरिकता सिफारिस | १००।०० |
| १२ | नागरिकता प्रतिलिपी सिफारिस | ५००।०० |
| १३ | जन्म, मृत्युको सिफारिस दस्तुर रु. १००।००<br>बिवाह दस्तुर रु. ५००।००<br>बसाईसराइ सिफारिश दस्तुर रु. १०००।०० | (३५ दिन भित्र गरेमा नि:शुल्क) |
| १४ | सम्बन्ध बिच्छेद | २५००।०० |
| १५ | जग्गा नामसारी | ५००।०० |
| १६ | गाउँपालिकावाट सम्पन्न गर्ने योजनाहरुको वडा कार्यालयवाट गरिने सिफारिस दस्तुर निम्नानुसार तोकिएको छ ।<br>क. २ लाख सम्मको योजनाको रु २००।<br>ख. २ देखि ५ लाख सम्मको योजनाको रु ५००।<br>ग. ५ देखि २० लाख सम्मको योजनाको रु १०००।<br>घ. २० लाख भन्दा माथिको योजनाको रु ३०००।<br>ङ. महिलाहरु मात्र सदस्य भइ गठन भएको उपभोक्ता समितिको हकमा माथि उल्लेखित दस्तुरमा ५० प्रतिशत छुट हुने छ । | |

**नोट:** १) छात्रवृत्ति, आर्थिक सहायता, नि:शूल्क स्वास्थ्य उपचार, दैवीप्रकोप, असाहय, अशक्त र जेष्ठ नागरिक भत्ता प्राप्तको लागि गरिने मन्जुरनामाको सिफारिस आदी सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

९. **परिचय पत्रको प्रतिलिपी, बिलम्ब तथा सेवा दस्तुर** : गाउँपालिकावाट परिचय पत्रको प्रतिलिपी तथा सो को बिलम्ब दस्तूर वापत निम्नानूसार दस्तुर लिइने छ ।

| सि.नं. | विवरण | सिफारिस दस्तूर रु. |
|---|---|---|
| १ | परिचय पत्रको प्रतिलिपी दस्तुर | ५००।०० |
| २ | व्यक्तिगत घटना दर्ताको प्रतिलिपी दस्तुर | ५००।०० |
| ३ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको | २००।०० |
| ४ | परिचयपत्र नंम्बर तथा बैयाक्तिक विवरणको प्रमाणिकरणको सेवा वापत पटकै पिच्छे | ५।०० |
| ५ | जैबिक विवरण वा परिचयपत्रको प्रमाणिकरणको सेवा वापत पटकै पिच्छे | १०।०० |

१०. **मालपोत** : अबल, दोयम खेत रु.३०।०० प्रति रोपनी पाखोबारी लगायत अन्य रु. १५ प्रति रोपनी १ आर्थिक बर्षमा नतिरेमा थप २५ प्रतिशत जरिवाना लाग्ने छ ।

११. पशु सेवा सम्बन्धि सेवा दिंदा निम्नानुसार सेवा शुल्क लिइने छ ।

- बिरामी पशुको रजिष्ट्रेसन शुल्क : रु १०।
- गोबर परिक्षण शुल्क : रु १०।
- बन्ध्याकरण गोरु/बोका शुल्क : रु १००/२५
- निरोगिता निर्यात सिफारिस
  भैंसी/रांगा निर्यात शुल्क : रु २००। प्रतिगोटा
  बोका/खसि/बाखा निर्यात शुल्क : रु १००। प्रतिगोटा
  कुखुरा (ब्रोईलर) निर्यात शुल्क: : रु १। प्रतिगोटा

१२. कृषि तर्फ:

- रजिष्ट्रेसन : रु १०।
- सानासिंचाई सिफारिस : रु १००।
- मल बेचबिखन सिफारिस : रु १।०० प्रति बोरा

१३. स्वास्थ्य तर्फ: सार्वजनिक स्थलमा सुर्तिजन्य, लागुपदार्थ एंवम माधकपदार्थ सेवन गरेमा : रु २०० जरिबाना लिने ।

१४ पार्किङ्ग शूल्क : पार्किङ्ग शुल्क निम्न अनुसार लिईनेछ ।

(क) गाउपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकमा रु.२०।०० पार्किङ्ग शुल्क लिईने छ ।

१५ व्यवसाय कर : व्यवसाय कर निम्न अनुसार लिईनेछ ।

| सिं.नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क (रु) | ख (रु) | ग (रु) |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>• ५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई (क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना, नास्ता, लज भएकोलाई (ख)<br>• रेष्टूरेन्ट मात्र भएकोलाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टुरेन्टको रु. २०००।०० | १००० | ८०० | |
| २ | मासु पसल<br>• रांगाको समेत सबै प्रकारका मासु मात्र बेच्नेलाई (क)<br>• खसी र कुखुरा बेच्नेलाई (क)<br>• रांगा वाहेक खसी वोका सहितको मासु बेच्नेलाई (ख)<br>• रांगा खसी, वोका वाहेकको मासु मात्र बेच्ने लाई (ग) | ६०० | ४०० | २०० |
| ३ | मदिरा पसल<br>• ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>• ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख) | १५०० | १००० | |
| ४ | कोल्डड्रिस पसल | १०० | | |
| ५ | सुन,चांदी गहना पसल व्यबसाय | १००० | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | रेडियो/मोवाईल बिक्री तथा मर्मत | ५०० | | |
| ७ | संचार सेवा | २५० | | |
| ८ | घडी बिक्री तथा मर्मत | २०० | | |
| ९ | केवल टि.भि. सेवा | ३००० | | |
| १० | फोटो स्टुडियो<br>• कलर ल्यावलाई (क)<br>• फोटो स्टुडियोलाई (ख) | ८०० | ३०० | |
| ११ | हजाम | १०० | | |
| १२ | टेलरिंग | १०० | | |
| १३ | जुत्ता पसल<br>• जुत्ता सिलाई र बेच्नेलाई (क)<br>• जुत्ता मर्मत मात्र गर्नेलाई (ख) | ५०० | २०० | |
| १४ | मोटर वर्कशप<br>• गाडीको वडी बनाउने तथा मर्मत गर्ने (क)<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>• मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरु मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | १००० | ५०० | २०० |
| १५ | छापाखाना<br>• अपसेट प्रेसलाई (क)<br>• साधारण प्रेसलाई (ख) | १००० | ७०० | |
| १६ | स्वास्थ्य सेवा<br>• अस्पताल लाई (क)<br>• पोली क्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | १००० | ८०० | ५०० |
| १७ | मेटल वर्कशप | १००० | | |
| १८ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरुको विभिन्न फर्निचर र अरु काठहरुको झ्यालढोका आदी बनाउनेलाई (क)<br>• कूनै एक मात्र बनाउनेलाई (ख) | २४०० | १५०० | |
| १९ | ईटा भट्टा र ईटा डिपो<br>• ईटा भट्टालाई (क)<br>• ईटा डिपोलाई (ख)<br>• इट्टा बिक्रिकर प्रति इट्टा ५० पैसा । | १२५००। | ५०००। | |
| २० | कम्प्युटर ईन्स्टिच्युट | ५०० | | |
| २१ | दाउरा दिपो | २०० | | |
| २२ | पान पसल | १००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| २३ | **बेकरी उद्योग र बेकरी पसल**<br>• उद्योगलाई (क)<br>• पसललाई (ख) | १००० | ८०० | |
| २४ | **तरकारी र फलफूल पसल** | ५०० | | |
| २५ | **चित्रा पसल** | ५०० | | |
| २६ | **मिलहरु**<br>• १० हर्षपावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्षपावर क्षमताको मिललाई (ख) | १००० | ६०० | |
| २७ | **डिलर** | २००० | | |
| २८ | **साईकल भाडा तथा मर्मत** | १०० | | |
| २९ | नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको<br>दर्ता शुल्क रु.२५०००।००<br>नविकरण शुल्क रु ६०००। | | | |
| ३० | **कपडा पसल** | १००० | | |
| ३१ | **किराना पसल**<br>• थोक सहितको किराना पसललाई (क)<br>• पचास हजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | १५०० | ५०० | ३०० |
| ३२ | **खाद्य पसल**<br>• थोक सहितको खाद्य पसललाई (क)<br>• खुद्रा मात्रको खाद्य पसललाई (ख) | ५०० | २०० | |
| ३३ | **भांडा पसल**<br>• धातु तथा प्लाष्टिकका भांडा तथा सामान बेच्नेलाई (क)<br>• नुवाकोट जिल्लामा उत्पादन भएको माटोको भांडा वाहेक अन्यत्रबाट ल्याएर विक्री गर्ने माटोको भांडा तथा सामान बेच्नेलाई (ख) | ४०० | २०० | |
| ३४ | **चुरा धागो तथा श्रृङ्गारका सामान पसल**<br>• थोक सहितको पसललाई (क)<br>• पचास हजार भन्दा बढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | ५०० | ३०० | १०० |
| ३५ | **कुखुरा पालन**<br>• एक हजार भन्दा बढी कुखूरा पाल्नेलाई (क)<br>• एक हजार भन्दा कम कुखूरा पाल्नेलाई (ख) | १००० | ६०० | |
| ३६ | **तैयारी पोशाक पसल** | २०० | | |
| ३७ | **तैयारी जुत्ता पसल** | २०० | | |
| ३८ | **दन्त क्लिनिक** | २०० | | |
| ३९ | **हार्डवेयर पसल** | १००० | | |
| ४० | **ईलेक्ट्रिक पसल** | १००० | | |
| ४१ | **कानुनी फर्म** | ५०० | | |
| ४२ | **साईन बोर्ड पेन्टीङ्ग** | २०० | | |

| | | | | |
|---|---|---|---|---|
| ४३ | फर्निचर एण्ड फर्निसिंग पसल | १००० | | |
| ४४ | स्टेशनरी पसल<br>• खेलकुदका सामग्री सहित भएको लाई (क)<br>• स्टेशनरी मात्र भएको लाई (ख) | ५०० | ३०० | |
| ४५ | जडीबुटी खरिद बिक्री पसल | १५०० | | |
| ४६ | लेखापरीक्षक/घर नक्सा तयार गर्ने प्राविधिक सूचिकृत दस्तुर क्रमश: १०००।/२००० | | | |
| ४७ | टेलिभिजन पसल | १००० | | |
| ४८ | निम्नानुसार पुजि लगानी गरि सञ्चालन गर्ने उद्योगहरुलाई निम्नानुसार बार्षिक व्यवसाय कर तोकिएको छ ।<br>• ५० लाख भन्दा माथि पुजि लगानि गरि सञ्चालन भएका उद्योग (क)<br>• २० लाख देखी ५० लाख सम्म पुजि लगानि गरि सञ्चालन भएका उद्योग (ख)<br>• १० लाख देखी २० लाख सम्म पुजि लगानि गरि सञ्चालन भएका उद्योग (ग)<br>• १० लाख भन्दा कम पुंजि लगानि गरि सञ्चालन भएका उद्योग (घ)रु ३०००। | २५००० | १५००० | १०००<br>० |
| ४९ | विज्ञापन सेवा वा एजेन्ट | ५०० | | |
| ५० | पशु वधशाला | १००० | | |
| ५१ | अन्तराष्ट्रिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) | ५००० | | |
| ५२ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने बाणिज्य बैंक (क)<br>• वित्तिय संस्थाको शाखा कार्यालय (ख)<br>• ऋण तथा बचत सहकारी संस्था (ग) | ५००० | २००० | १००० |
| ५३ | निजी स्कूल | १००० | | |
| ५४ | सिनेमा हल<br>• सिनेमा हललाई (क)<br>• भिडियो हललाई (ख) | १००० | ५०० | |
| ५५ | चस्मा पसल | ५०० | | |
| ५६ | सिलाई मेशिन बिक्री तथा मर्मत गर्ने पसल | ५०० | | |
| ५७ | रेफ्रिजेरेटर मर्मत | ५०० | | |
| ५८ | दुग्ध डिपो/पसल | ५०० | | |
| ५९ | व्यूटि पार्लर | ५०० | | |
| ६० | कुनै पनि माल बस्तूहरु सप्लायर्स | २००० | | |
| ६१ | टेलिफोन टावर राखि संचार सेवा उपलव्ध गराउने संस्थालाई आ.व.०६९/७० देखि | २५००० | | |
| ६२ | जग्गा विकास/हाउसिंङ्ग | ५००० | | |
| ६३ | म्यानपावर सेवा | १५०० | | |
| ६४ | क्याटेरिङ्ग सेवा | १००० | | |
| ६५ | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्थाको बार्षिक शुल्क | १५०० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | • बचत तथा कृण सहकारी (क)<br>• अन्य सहकारी संस्था (ख) | | | |
| ६६ | मार्वल / टायर पसल | २००० | | |
| ६७ | सवारी साधनको शोरुम<br>• गाडीको शोरुम (क)<br>• मोटरसाईकलको शोरुम (ख)<br>• ट्याक्टर तथा अन्य मेशिनरीको शोरुम (ग) | ५००० | ३००० | २००० |
| ६८ | माथि उल्लेख भएको वाहेक अन्य व्यवसाय, सेवा आदीहरुमा तोकिएको समयको हद भित्र रहेर कर असुली गर्ने । | | | |
| ६९ | कृषि सामग्रीको पसल / भेटेनरी सम्बन्धी पसल | ५०० | | |
| ७० | आईस क्रिम पसल | ३०० | | |
| ७१ | कृषि तथा पशुपालन व्यवशाय (वंगुर, माछा, गाई भैंसी, कुखुरा) | ५०० | | |
| ७२ | निजी कलेज | ५००० | | |
| ७३ | पानी ट्यांकर | ५०० | | |
| ७४ | ग्यास डिपो | ७०० | | |
| ७५ | यस गाउंपालिका भित्र कृषि तथा पशु व्यवसाय फर्म दर्ता दस्तुर रु.१००० र सो को बार्षिक नबिकरण दस्तुर रु. ५००। लाग्नेछ । | | | |

नोट :

१) यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवसाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिने छ तर यस्मा सवै आईटम मध्ये जुन आईटमको कर रकम बढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ ।

२) विगत जतिसुकै वर्षहरुको व्यवसायकर बुझाउन बांकी रहेको भए तापनि २०७९ असोज मसान्त सम्ममा आ.व.२०७८।७९ देखि नियमित रुपमा व्यवसायकर बुझाएमा वांकी व्यवसायकर र जरिवाना छुट दिने । उक्त म्याद भित्र नवुझाउने कुनै पनि करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसायकर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसायकर असुल गरिनेछ ।

१६ सरसफाई शूल्क:

| क.सं. | विवरण | न्युनतम |
|---|---|---|
| १ | आवासिय घर २ तला सम्म | १०० |
| २ | आवासिय घर २ तला माथी | १५० |
| ३ | होटल, लज सहितको व्यवसायिक | १००० |
| ४ | होटल, सानो चिया नास्ता | ३०० |
| ५ | मासु पसल रांगा / खसी | ३०० |
| ६ | मासु पसल कुखुरा | ४०० |
| ७ | सैलुन | १०० |

| | | |
|---|---|---|
| ८ | तरकारी, फलफुल | २०० |
| ९ | पान पसल | १००।०० |
| १० | माछा पसल | १०० |
| ११ | किराना होलसेल पसल | ४०० |
| १२ | किराना खुद्रा पसल | २०० |
| १३ | फेन्सी, मोबाईल, साईबर, कपडा, घडी पसल, चुरा धागो | १०० |
| १४ | सुन पसल | २०० |
| १५ | स्कुल, क्याम्पस सरकारी | २०० |
| १६ | स्कुल, क्याम्पस निजी होस्टेल सहित | ५०० |
| १७ | स्कुल, क्याम्पस निजी | ३०० |
| १८ | कार्यालय सरकारी | ३०० |
| १९ | कार्यालय निजी, संघ संस्था | ४०० |
| २० | उद्योग ठुलो व्यवसायिक | १००० |
| २१ | उद्योग घरेलु, साना छाला जुत्ता, झोला | ५०० |
| २२ | धान, चिउँरा, तेल मिल आदि | ५०० |
| २३ | फर्निचर उद्योग | १००० |
| २४ | बस, माइक्रो काउन्टर | २०० |
| २५ | हस्पीटल, पोलिक्लिनिक सुई सिरिन्ज बाहेक | १५०० |
| २६ | मेडिकल हल, एग्रोभेट | ५०० |
| २७ | कुखुरा फर्म ठुलो ५०० भन्दा बढी | ६०० |
| २८ | कुखुरा फर्म सानो ५०० भन्दा कम | ३०० |
| २९ | हार्डवयर, भाडापसल | ३०० |
| ३० | स्टेशनरी पसल | १०० |
| ३१ | कापी उद्योग, छापाखाना | ५०० |
| ३२ | मोटर वर्कशप | १००० |
| ३३ | साईकल, मोटरसाईकल वर्कशप | ५०० |
| ३४ | मोटर, मोटरसाईकल सोरुम | ३०० |
| ३५ | मेटल वर्कशप, मोटर पार्टस, वर्कशप | ४०० |
| ३६ | टायर रिसोलिङ | १००० |
| ३७ | बैंक | ५०० |
| ३८ | सहकारी संस्था | ३०० |
| ३९ | टेलरिङ पसल | ४०० |
| ४० | इट्टा विक्रि केन्द्र, भट्टा | १००० |
| ४१ | पेट्रोल पम्प | ३०० |
| ४२ | मदिरा पसल | १००० |
| ४३ | टिभि, इलेक्ट्रिक तथा मर्मत पसल | ४०० |
| ४४ | हस्तकला, आर्टस, प्लेक्स | २०० |
| ४५ | सिनेमा हल, पार्टी प्यालेस, क्याटरिङ | १००० |
| ४६ | दुध डिपो | ३०० |
| ४७ | व्युटी पार्लर | ३०० |
| ४८ | सिलाई मेसिन पसल तथा मर्मत | ३०० |
| ४९ | कुखुरा बाहेक कृषि फर्म | ३०० |
| ५० | अन्य | ३०० |

१७. **हलभाडा:** यस गाउंपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे बापत प्रति दिन सरकारी कार्यालयको हकमा रु.५००।०० अन्य संस्थाको हकमा रु.२०००। भाडा लिई उपलब्ध गराउने

१८. **विज्ञापन कर:** ठेक्का प्रकृया द्वारा विज्ञापन कर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी विज्ञापनकर कर लिने ।

| | |
|---|---|
| (क) सववोर्ड प्रति वर्गफिट | रु. ४०/०० |
| (ख) होडिंगवोर्ड प्रति वर्गफिट | रु. ७५/०० |
| (ग) ग्लोसाईनवोर्ड प्रति वर्गफिट | रु. ९०/०० |
| (घ) भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्गफिट | रु. २०/०० |
| (ङ) ब्यानर प्रति हप्ता | रु. १००/०० |
| (च) पोलबोर्ड प्रति गोटा प्रति वर्ष | रु. १,०००/०० |
| (छ) डिजिटल बोर्ड प्रति वर्गफिट | रु. २००/०० |

१९. **सार्वजनिक शौचालय** : निजी क्षेत्रसंग साझेदारी माध्यमवाट शुल्क निर्धारण गरी सञ्चालन गर्ने ।

२०. **टेलिफोन टावर कर** : नेपाल टेलिकमको बाहेक अन्य दुरसंचार प्रदायक संस्था गाउंपालिकाक्षेत्र टेलिफोन प्रसारणको लागि गाडिएको केन्द्रीय प्रसारण टावरलाइलाई बार्षिक प्रति टावर रु. ३,०००/०० र स्थानीय प्रसारणलाई टावरलाई वार्षिक रु. ५००/००

२१. **व्यबसाय कर** : यस पञ्चकन्या गाउंपालिका भित्र कुनैपनि व्यवसाय दर्ता गर्न र ती व्यबसायको नबीकरण शूल्क यसै आर्थिक ऐन अनूसार हुनेछ । यस ऐनमा नसमेटिएका व्यबसाय दर्ता र सोको नबिकरण दस्तुरको हकमा **"व्यबसाय दर्ता तथा नबिकरण सम्बन्धि कार्यबिधि २०७५"** बमोजिम हुनेछ ।

इसमा लगाइएको प्रतिगोटा कर आवश्यक संशोधन गरी ५.०५०। कायमगरी ~~पास गर्ने~~ संशोधन प्रस्ताव पारित गरियो।